

# ढुङ्गे डकर्मी तालिममा भूकम्प प्रतिरोधात्मक प्रविधिको प्रयोग सम्बन्धी दृष्यात्मक प्रशिक्षण सामग्री (फ्लिप फाइल)

HELVETAS Swiss Intercooperation
60 YEARS
Celebrating 60 years towards a better NEPAL

EMPLOYMENT FUND investing in nepal's future

# ढुङ्गे डकर्मी तालिममा
# भूकम्प प्रतिरोधात्मक प्रविधिको प्रयोग
# सम्बन्धी दृष्यात्मक प्रशिक्षण सामग्री
# (फ्लिप फाइल)

रोजगार कोषको सचिवालय
हेल्भेटास स्वीस इन्टरकोअपरेसन, नेपाल

HELVETAS Swiss Intercooperation 60 YEARS | Celebrating 60 years towards a better NEPAL

EMPLOYMENT FUND investing in nepal's future

**सर्वाधिकार** © रोजगार कोषको सचिवालय/हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपाल

**सावधानी**
यो पुस्तिकाको कुनै पनि अंश रोजगार कोषको सचिवालय/हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालको लिखित अनुमति लिएर मात्र मुद्रण वा उत्पादन गर्न पाइनेछ ।

**रोजगार कोषको सचिवालय/**
**हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपाल**
जावलाखेल, ललितपुर, नेपाल
पोस्ट बक्स नं. : ६८८, काठमाडौँ
फोन नं. : ०१-५०००२०९, ५०००२२६, ५५२६०९८
फ्याक्स : ०१-५५२४९९१
टोल फ्री नं : १६६०-०१-५०५०५
इमेल : ef@helvetas.org.np
वेब : www.employmentfund.org.np

**प्रथम संस्करण**
२०७३ (सन् २०१६)

**सल्लाहकार**
सुवास सुवेदी


**तयारीकर्ता**
सुजन ध्वज खड्का

**परिकल्पना तथा संयोजन**
बालमुकुन्द न्यौपाने

**चित्र लेखन**
एकाराम महर्जन र गोपाल कृष्ण डंगोल

**भाषा शुद्धाशुद्धी तथा संयोजन**
गोपाल कृष्ण डंगोल

# भवन निर्माण स्थलको छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरु




HELVETAS Swiss Intercooperation | NEPAL

EMPLOYMENT FUND investing in nepal's future

१

# भवन निर्माण स्थलको छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरू

निम्न लिखित ठाउँमा भवन निर्माण गर्नुहुँदैन:

- ढुङ्गा झर्ने ठाउँ,
- खोला तथा नदी किनार
- झुकेको बत्तीको खम्बाको नजिक
- भू–स्खलन स्थल (पहिरो जाने ठाउँ),
- २० डिग्री भन्दा माथिको भिरालो जमिन,
- पानी जम्ने ठाउँ,
- ठूलो रुखको जरा भएको ठाउँ,
- माटो पुरिएको स्थल,
- भौगर्भिक चिरा परेको स्थल

माथि उल्लेख गरिएका स्थान बाहेक अन्य समतल स्थल वा ठूला गराहरू भएको स्थानमा भवन निर्माण गर्नुपर्दछ । यदि भिरालो जमिन भएको खण्डमा रिटेनिङ वाल (ढुङ्गाको पर्खाल) लगाएर बनाउन सकिन्छ ।

# भवनको आकृतिमा ध्यान दिनुपर्ने कुराहरू



२


# भवनको आकृतिमा ध्यान दिनुपर्ने कुराहरू

- भवन चारकुने सलाइको बट्टा आकारको हुनुपर्दछ ।
- ढुङ्गा माटोको भवन बनाउँदा सकेसम्म एकतले बनाउनुपर्दछ ।
- भवनको आकृति समरूप र मोहडा मिलेको हुनुपर्छ ।
- धेरै कुनाहरू भएको र L (एल) वा U (यु) आकृतिका भवन भूकम्पको धक्काले बाङ्गिएर बढी क्षति हुनसक्छ ।
- भवनको लम्बाइ चौडाइको अनुपातमा तीनगुणा (१:३) सम्म हुनुपर्दछ । अनुपात बढी भएको लामो र साँघुरो भवन निर्माण गर्नुहुँदैन ।
- कुर्सी सतहको पट्टीदेखि चोटा छाउने ठाउँसम्मको उचाइ ६'-६" भन्दा कम र १०'-०" भन्दा माथि हुनुहुँदैन ।
- चुली बन्धनबाट पुतली छानाको उचाइ ४ फिट मात्र उठाउन सकिन्छ ।

# जग निर्माण



भवन निर्माण अधि स्थलको सरसफाई




भवन निर्माणमा बटाम / ३-४-५ को प्रयोग




भवनको रेखाचित्र अनुरूप जमिनमा रेखाङ्कन कार्य




जगको लागि खाडल खन्दै

३

# जग निर्माण

- घर बनाउन छनौट गरिएको जमिनमा भएको झारपात, बुट्यान, ढुङ्गाहरू आदि सफा गरेर सम्याउनुपर्दछ ।
- काठको किला, हम्मर, धागो, नाप्ने फित्ता र बटामको प्रयोग गरेर कोठाको कोण ९० डिग्री बनाउन बटामको प्रयोग गरी ३–४–५ विधि अनुरूप जमिनमा रेखाङ्कन गर्नुपर्दछ ।
- कोठाको आकार अनुरूप जगको भित्री र बाहिरी रेखा जमिनमा कोर्नुपर्दछ ।
- नापिएको जगको भित्री र बाहिरी रेखाको भित्री भागमा मात्र जग खन्नुपर्दछ ।
- एक तल्ले भवनको लागि जगको गहिराइ र चौडाइ जमिन सतहबाट न्यूनतम पनि २ फिट ६ इन्च खन्नुपर्दछ ।
- खनेको माटो फाल्दा कम्तिमा पनि दुई फिट पर फाल्नुपर्दछ ।

# सबलीकरणको लागि काठको थामको प्रयोग




जगको सतह खँदिलो पार्ने




सतहमा पी.सी.सी. गर्ने




गारोमा राखिने थाम




थामलाई सिधा बनाइँदै


# सबलीकरण के हो ?

- भूकम्पको धक्काबाट गारोहरूमा पर्न जाने असरलाई न्यून गर्न सुरहरू भाग्न नदिई घरलाई एक ढिक्का बनाइराख्ने विधिलाई सबलीकरण भनिन्छ ।
- सबलीकरण दुई प्रकारले गरिन्छ : १) ठाडो सबलीकरण (थामको प्रयोग)
  २) तेर्सो सबलीकरण (बन्धन/पट्टीहरूको प्रयोग)
- ठाडो सबलीकरणको लागि जगको गारो लगाउनु पूर्व काठको थाम राखिन्छ ।

**काठको थाम कसरी राख्ने ?**

- जगको गारो निर्माण गर्नुपूर्व समतल रूपमा सोलिङ गर्नुपर्दछ ।
- ठाडो सबलीकरण गर्न ४X५ इन्च मोटाइ भएको काठलाई थामको निम्ति प्रयोग गर्नुपर्दछ ।
- उपलब्ध भएसम्म जगदेखि चुलीसम्म पुग्ने एउटै सग्लो थाम राख्नुपर्दछ । थाम गाँस्नु परेमा डोभटेल (ढुकुर पुच्छे) जोर्नी बनाई जोड्नुपर्छ र थामको फेदमा काठको डेढ इन्ची फल्याक बनाएर जोड्नुपर्दछ ।
- थाम राख्दा थाममा घण्टी हेरी थामलाई घण्टीमा राख्नुपर्दछ ।
- काम गर्ने बेलामा थाम नहल्लियोस् भनी थामलाई टेको राखेर बाँध्नुपर्दछ ।
- काठको प्रयोग गर्दा सधैं उपचार बिधि अनुरूप उपचार गरेर मात्र प्रयोग गर्नुपर्दछ ।

# गारोमा काठको थामको प्रयोग





५


# गारोमा काठको थामको प्रयोग

- ठाडो सबलीकरण बिना गारोको निर्माण गर्दा सुर भाग्ने भएको हुँदा ठाडो सबलीकरणको प्रयोग गर्नुपर्दछ, जसले गर्दा भवनको सुर बलियो हुन्छ ।
- थाम प्रयोग गर्दा गारोको बीचमा वा कोठाको भित्री कुनामा राख्न सकिन्छ ।
- चित्रमा देखाएभैँ L (एल), T (टी), X (एक्स) आकारका गारोको जोर्नीहरूमा काठको ठाडो थाम गारोको बीचमा वा कोठाको भित्री कुनामा प्रयोग गर्नुपर्दछ ।
- थामको काठ प्रयोगमा ल्याउँदा मक्किएको, खोक्रो र चिरा परेको काठ प्रयोग गर्नुहुन्न ।
- गुणस्तरीय काठको रूपमा आकार मिलेको, सतह मिलेको चिरान गरेको काठको प्रयोग गर्नुपर्दछ ।
- सकेसम्म सिजनिङ् वा उपचार बिधि अनुरूप उपचार गरेको काठ मात्र प्रयोगमा ल्याउनुपर्दछ ।


# ढुङ्गाको गारो लगाउँदा ध्यान दिनुपर्ने कुराहरु




गारोको ठाडो जोर्नी निर्माण गर्ने तरिका




HELVETAS Swiss Intercooperation | NEPAL

EMPLOYMENT FUND investing in nepal's future

# ६ ढुङ्गाको गारो लगाउँदा ध्यान दिनुपर्ने कुराहरू

- जगमा र जमिनमाथि गारो लगाउँदा गारो सिधा घण्टीमा लगाइएको हुनुपर्दछ ।
- माटोका जोर्नीहरूको जोडाइ २० मी.मी. भन्दा बढी र १० मी.मी. भन्दा कम हुनुहुँदैन ।
- ठाडो जोर्नीहरू एकतह छाडेर अर्को तहको ठीक माथि परेको हुनुपर्छ ।
- गारोको चौडाइ सबै ठाउँमा एकनासको हुनुपर्दछ ।
- तेर्सो तहमा बढीमा ४'-०" र ठाडो तहमा २'-०" को दूरीमा (अर्थात् हरेक १ वर्गमिटरमा पर्नेगरी) वारपार ढुङ्गा राखी गारो लगाइएको हुनुपर्दछ ।
- गारोको सुरहरूमा अनिवार्य रूपमा सुर ढुङ्गाको प्रयोग गरी गारो निर्माण गर्नुपर्दछ । सुर ढुङ्गाको लम्बाइ गारोको चौडाइ भन्दा लामो हुनुपर्दछ ।
- कुना-कुनामा र T (टी) आकारको जोर्नीमा ठूला-ठूला चेप्टो ढुङ्गा (टाइस्टोन) राखी गारो लगाउनुपर्दछ । यसले गारोलाई मजबुत बनाउनुका साथै एक आपसमा छुट्टिन दिँदैन ।
- खुड्किला-खुड्किला गरी गारो लगाएमा ठाडो जोर्नी छलेर एक तहको ढुङ्गालाई अर्को तहको ढुङ्गाले च्यापी बलियो बनाउनुपर्छ ।
- एक दिनमा १ मिटर (३ फिट ३ इन्च) भन्दा अग्लो गारो लगाउनु हुँदैन ।
- आवश्यकता अनुसार समय-समयमा बुनोट, घण्टी, लाइन र सतह (लेभल) वा स्लोप जाँच्नु पर्छ र आवश्यकता अनुसार मिलाउनुपर्दछ ।


# ढुङ्गा कुँदेर प्रयोग गर्ने



## ८ ढुङ्गा कुँद्ने

- नकुँदिएका ढुङ्गाहरू सङ्कलन गरेर त्यसमा छिना हम्मर प्रयोग गरी छेउ वा सुर मिलाउने कार्यलाई ढुङ्गा कुँदने भनिन्छ ।
- कुँदिएका ढुङ्गाहरू विशेष गरी छेउ वा सुर ढुङ्गाको रूपमा प्रयोग गरिन्छ ।
- कुँदिएका ढुङ्गाहरू प्रयोग गरेर गारो निर्माण गर्दा गारोको सतह निर्धारण गर्न सकिन्छ ।
- कुँदिएका ढुङ्गाहरू प्रयोग गरेर गारो निर्माण गर्दा घण्टीको प्रयोग राम्रोसँग गर्न सकिन्छ जसले गर्दा गारो सिधा घण्टीमा निर्माण हुन्छ ।
- कुँदिएका ढुङ्गाहरू प्रयोग गर्दा गारोको चौडाइ निश्चित गर्न सकिन्छ ।
- यस्तो ढुङ्गाको प्रयोग गरेर बनाइएको भवन सुन्दर देखिनुका साथै बलियो पनि हुन्छ ।


# जग सतहबाट गारो निर्माण



# जग सतहबाट गारो निर्माण

- जगको काम सुरु गर्दा दुई सुरमा सुर ढुङ्गा राखी घण्टी हेरी धागो तान्नुपर्दछ ।
- त्यसपछि मात्र अन्य ढुङ्गाहरू धागोसँग सुर मिलाई बिछ्याउँदै जानुपर्छ ।
- जगको गारो लगाउँदा जहिले पनि खुड्किला–खुड्किला बनाई गारो जमिन सतहसम्म निर्माण गर्नुपर्छ ।
- थामलाई गारोको बीच वा कोठाको कुनामा पारी बन्धनसँग बाँध्नुपर्दछ ।
- छेउ वा सुर ढुङ्गा र वारपार ढुङ्गाको प्रयोग गरी गारो निर्माण गर्नुपर्दछ ।
- जमिन सतहबाट कुर्सी तहको पट्टी १ फिट ६ इन्च माथि निर्माण गर्नुपर्दछ ।
- जमिन तहमाथि ढुङ्गाको गारोको चौडाइ न्यूनतम पनि १८ इन्चको हुनुपर्दछ ।
- जगबाट गारो लगाउँदा गारो सिधा घण्टीमा र सतह मिलाई लगाइएको हुनुपर्दछ ।
- जोर्नीमा मसलाको मोटाइ १० मी.मी. देखि २० मी.मी. को बीच राख्नुपर्दछ ।

# बन्धन बाँध्ने तरिका





८

# बन्धन बाँध्ने तरिका

- बन्धन बाँध्नको लागि मक्किएको वा धमिरा, किरा फट्याङ्ग्रा आदिले खाएको काठ प्रयोग गर्नुहुन्न ।
- बन्धनहरू निर्माणका लागि जहिले पनि बलियो, गाँठो (आँख्ला) नभएको र नबटारिएको काठको छनौट गर्नुपर्दछ ।
- काठको प्रयोग गर्दा सँधै काठलाई उपचार गरेर मात्र प्रयोग गर्नुपर्दछ ।
- ३X४ इन्चको काठलाई बन्धन काठको रूपमा प्रयोग गर्ने र ३X३ इन्चको काठले त्यस बन्धनलाई प्रत्येक २ फिटको अन्तरालमा बाँध्नुपर्दछ ।
- बन्धन राख्दा लामो काठ गारोको चौडाइमाथि दुवै छेउतिर राख्नुपर्दछ । ती दुवै काठमा दुई फिटको फरकमा खाँच काटी त्यसमा छोटो काठ खप्टेर जोर्नीको बनाई किला ठोक्नुपर्दछ ।
- बन्धनको लागि काठको गाँस बनाउँदा १ फिटको खाँच काटेर गाँस भाग निर्माण गर्ने र त्यसमा चारओटा काँटी ठोक्नुपर्दछ ।
- काँटी ठोक्दा जहिले पनि छड्के पारेर ठोक्नुपर्दछ, यसले जोर्नीहरु बलियो बनाउँदछ ।

# ढोकाको चौकोसहरू जडान गर्ने तरिका






१०

# ढोकाको चौकोसहरू जडान गर्ने तरिका

- ढोकाको चौकोस घण्टी र लेभलमा राख्नुपर्दछ ।
- यदि काठको बन्धन प्रयोग गरिएको छ भने ढोकाका चौकोसहरू जोडीदार (दुईओटा) हुनुपर्दछ र यदि सिमेन्ट कँक्रिटको बन्धन प्रयोग गरिएको छ भने एउटा मात्र राख्दा पनि हुन्छ ।
- दुवै चौकोसहरू एक–अर्कोसँग बाँधिएको हुनुपर्छ। साथै भवनमा राखिने अन्य बन्धनहरूसँग पनि बाँधिएको हुनुपर्छ, जसले गर्दा चौकोस र बन्धनहरू एक आपसमा मजबुत भएर बस्दछ ।
- यदि बन्धन सिमेन्टको मसलामा बनाइएको छ भने ढोकाको चौकोस राख्दा होल्ड फास्टलाई सिमेन्ट कँक्रिट M20 (१:१.५:३) को भाग बनाई जाम गर्नुपर्दछ ।
- १० फिटे गारोमा एउटा मात्र ढोका राख्नुपर्दछ । बढी भएमा गारो कमजोर हुन्छ ।
- गारोमा जहाँपायो त्यहीँ स्थानमा ढोका राख्नुहुँदैन । गारोको भित्री कुनाबाट न्यूनतम पनि दुई फिटको दुरीमा ढोका राख्नुपर्दछ ।
- झ्याल र ढोका माथिको बन्धन एकै सतहमा हुनुपर्छ ।


# झ्यालको चौकोसहरू जडान गर्ने तरिका



# झ्यालको चौकोसहरू जडान गर्ने तरिका

- झ्यालको चौकोसहरू घण्टी र लेभलमा जडान गर्नुपर्दछ ।
- यदि काठको बन्धन प्रयोग गरिएको छ भने झ्यालका चौकोसहरू जोडीदार (दुईओटा) हुनुपर्छ र यदि सिमेन्ट कँक्रिटको बन्धन प्रयोग गरिएको छ भने एउटा मात्र राख्दा पनि हुन्छ
- दुवै चौकोसहरू एक–अर्कोसँग बाधिएको हुनुपर्छ। साथै भवनमा राखिने अन्य बन्धनहरूसँग पनि बाँधिएको हुनुपर्छ, जसले गर्दा चौकोस र बन्धनहरू एक आपसमा मजबुत भई बस्दछ ।
- यदि बन्धन सिमेन्टको मसलामा बनाइएको छ भने झ्यालको चौकोस राख्दा होल्ड फास्टलाई सिमेन्ट कँक्रिट M20 (१:१.५:३) को भाग बनाई जाम गर्नुपर्दछ ।
- खुला भागलाई अझ बलियो बनाउनको निम्ति झ्यालको दाँया–बाँया तोकिएको नापमा जगदेखि ठाडो काठ पनि राख्न सकिन्छ ।
- १० फिटे गारोमा एउटा मात्र झ्याल राख्नुपर्दछ । झ्यालको सङ्ख्या बढी भएमा गारो कमजोर हुन्छ ।
- गारोमा जहाँपायो त्यहीँ स्थानमा झ्याल राख्नुहुँदैन। गारोको भित्री कुनाबाट न्यूनतम पनि २ फिटको दुरीमा झ्याल राख्नुपर्दछ अथवा गारोको बीच भागमा राख्नुपर्दछ ।
- झ्याल र ढोकामाथिको बन्धन एकै सतहमा हुनुपर्दछ ।

# भवनमा प्रयोग गरिने बन्धनहरू





HELVETAS Swiss Intercooperation | NEPAL

EMPLOYMENT FUND investing in nepal's future

## १२ भवनमा प्रयोग गरिने बन्धनहरू

- कुर्सी तहको बन्धन जमिनबाट १ फिट ६ इन्च माथि निर्माण गरिन्छ। यस बन्धनमा ४X५ इन्चका काठहरू प्रयोग गर्ने र ३X३ इन्चको काठले त्यस बन्धनलाई प्रत्येक २ फिटको अन्तरालमा बाँध्नुपर्दछ।
- बन्धन राख्दा लामो काठ गारोको चौडाइमाथि दुवै छेउतिर राख्नुपर्दछ। ती दुवै काठमा दुई फिटको फरकमा खाँच काटी त्यसमा छोटो काठ खप्टेर माथिबाट किला ठोक्नुपर्दछ।
- झ्यालमुनिको बन्धन, इन्टरमेडिएट बन्धन र झ्यालमाथिका बन्धनहरूको प्रयोगले गर्दा गारोलाई राम्रोसँग बाँधेर राख्छ र भवन एक ढिक्काको रूपमा रहन्छ। यी बन्धनहरूलाई भवनको कुना कुनामा राखिने ठाडो सबलीकरणसँग राम्ररी बाँध्नुपर्छ। यी बन्धनहरूमा ३X४ इन्चका काठहरू प्रयोग गर्नुपर्दछ र ३X३ इन्चको काठले त्यस बन्धनलाई प्रत्येक दुई फिटको अन्तरालमा बाँध्नुपर्दछ
- चोटा बन्धन भवनको चोटा कस्नको निम्ति प्रयोग गरिन्छ। यो दुईपाखे छानो राख्ने तहमा पुगेपछि गारोको चारैतिर काठको समतलीय बन्धनको रूपमा राखिन्छ। यी बन्धनहरूमा ३X४ इन्चका काठहरू प्रयोग गर्नुपर्दछ।

# चुली बन्धनको निर्माण




१३

# चुली बन्धनको निर्माण

- चुली बन्धन भिरालो छाना भएका भवनमा प्रयोग गरिन्छ। यी बन्धनहरूमा ३X४ इन्चका काठहरू प्रयोग गर्नुपर्दछ, यसले छानालाई बलियो बनाइराख्दछ ।
- भूकम्प जाँदा पहिले छाना बढी हल्लिने भएको हुनाले चुली बन्धनको उँचाइ ४ फिट भन्दा माथि बनाउनु हुँदैन ।
- छानालाई त्रिभुज आकार दिनको लागि थामको प्रयोग गरी थाममा निदाल अड्याउनु पर्दछ ।
- राखिएको निदालमा चुली बन्धनको निर्माण गर्नुपर्दछ ।
- काठ र बाँस प्रयोग गरी चुली बन्धनलाई चोटा बन्धनसँग बाँध्नुपर्दछ ।
- काठ वा बाँसको बन्धनलाई छड्के पारेर त्रिभुज आकार बनाउनुपर्दछ ।
- छानामा लगाइएका दुई चुली बन्धनलाई छड्के बन्धन (Diagonal bracing) ले बाँध्नुपर्दछ, जसले गर्दा छानाको संरचना बलियो हुन्छ । (चित्रमा रातो रङले देखाइएको छ ।)

# छाना छाउने कार्य





१४

## छाना छाउने कार्य

- चुली बन्धनको निर्माणपछि छाना छाउनको लागि चुली बन्धनमाथि डाडाभाटा कस्नुपर्दछ ।
- छाना छाउँदा पहिले डाडाहरू भवनको आकृति अनुरूप आवश्यक दूरीमा राख्नुपर्दछ । त्यसमाथि जस्ताको नाप अनुसार भाटाहरू ठोक्नुपर्दछ ।
- पहिलो जस्तालाई छानाको एक सुरबाट छाउन सुरु गर्नुपर्दछ ।
- पहिलो जस्तालाई दोस्रो जस्ताले माथिबाट ३-४ इन्च खप्ट्याएर राख्नुपर्दछ । यसरी क्रमिक रूपमा अन्य जस्ताहरू खप्टाउँदै लगी पल्लो सुरसम्म पुऱ्याउनुपर्दछ र सबै जस्ताहरू राम्ररी मिलाउनुपर्दछ ।
- जस्ताहरू मिलाएपछि J (जे) हुक राख्नको लागि जस्तामाथि प्वाल पारी, भाटामाथि पर्ने गरी रबरको वाशर राखी J (जे) हुक कस्नुपर्दछ ।
- त्यसैगरी तलको जस्ता ६ इन्च खप्टिने गरी एक सुरदेखि अर्को सुरसम्ममा माथि गरेजस्तै गरी जस्ताहरू छाउनुपर्दछ र J (जे) हुक कस्नुपर्दछ ।
- एकातिरको भागमा छाउन सकेपछि छानाको अर्को भागमा पनि जस्ताहरू कस्नुपर्दछ ।
- दुई पाखाबाट आएको जस्ता जोडिने छानाको धुरीमा जस्ताको पाताले मोडी किला काँटी ठोक्नुपर्दछ ।
- छाना छाउने काम सकेपछि छाना माथिबाट पानी हालेर चुहिएको छ छैन जाँच्नुपर्दछ ।

# चुली बन्धनको दुवैतर्फको खुल्ला भाग बन्द गर्ने तरिका



१५

# चुली बन्धनको दुवैतर्फको खुल्ला भाग बन्द गर्ने तरिका

- चुली बन्धनको दुवैतर्फको खुला भाग काठको फलेक, जस्तापाता वा प्लाई जस्तो हलुका वस्तुले बन्द गर्नुपर्दछ ।
- बन्धनको आकृति अनुरूप ती फलेक वा जस्तापाता वा प्लाइलाई निश्चित नापमा काटेर किला ठोकेर मजबुत बनाउनुपर्दछ ।
- उज्यालो तथा हावा आवत–जावतको लागि सानो झ्यालको पनि व्यवस्था गर्नुपर्दछ ।

## रोजगार कोषको सचिवालय

हेल्भेटास स्वीस इन्टरकोओपरेसन, नेपाल

समन्वयः

आर्थिक सहयोग :

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development
and Cooperatioin SDC

UKaid
from the British people

कार्यान्वयनः

HELVETAS
Swiss Intercooperation
60 YEARS

Celebrating 60 years towards a better NEPAL